
## चौडेल्लास्थित समैजी देवताको प्राचीन मन्दिर

आलिताल गाउँपालिका वडा नं ४ चौडेल्लामा प्रशिद्ध समैजी देवताको प्राचीन मन्दिर रहेको छ। परापुर्वकालमा मुस्लीम नबाबहरुको हिन्दु धर्म नष्ट गर्ने अभियानका क्रममा धर्मको रक्षागर्न भारतको कुमाउबाट डोकोमा समैजी देवता ल्याएर आउने क्रममा यहि स्थानमा राख्दा डोकोको गाँठो फुकी यही स्थानमा बसेकाले यहाँ मन्दिर बनाइएको किवंदन्ती छ। सबैभन्दा ठुलो र प्राचीन मानिने समैजी मन्दिरमा असार र कार्तिकमा मेला लाग्ने गर्दछ। मन्दीरको नजिकैको चट्टानमा रहेको ढुँगे धारामा समैजी देवताले राती नुहाउने गरेको जनविश्वास छ। चमत्कारीक रुपमा ढुँगाको बिचबाट पानी आउने भएकाले पर्यटकका लागी यो स्थान आकर्षक गन्तव्य बन्न सक्छ भने धार्मिक पर्यटन प्रवर्द्धनमा पनि समैजी मन्दिरको महत्व उल्लेखनीय हुनेछ।



## अशिग्राम बाबाको मन्दिर

आलिताल गाँउपालिका वडा नं २, गाँखेतमा प्रशिद्ध अशिग्राम बाबाको मन्दिर रहेको छ। करीब ५०० वर्ष पहिले निर्मित अशिग्राम बाबा मन्दीरको आफ्नै धार्मिक महत्व रहेको छ। किवंदन्ती अनुसार एक ब्राम्हणले घट्ट लैजाने क्रममा यस ठाँउमा बास बस्दा बिहान घट्ट उठाउन नसकिएको र कोदालोले खन्दा रगत आएपछि सेठी गाउँका सेठी जाती एक ब्यक्तिले उक्त स्थानमा दुधले धोएर खिरले लेप्दा रगत आउन रोकिएको थियो। त्यस दिन देखी अशिग्राम मन्दिरमा चैतदशैं र बडादशमीको दिन भब्य जात्रा आयोजना गरिने र सेठी गाँउबाट ल्याएर दुध र खिर चढाउने प्रचलन रहेको छ। निर्धनीलाई धन दिने र नि:सन्तानलाई सन्तान शक्तिशाली अशिग्राम बाबाको मन्दिर हिन्दु धर्मावलम्बीहरुको आस्थाको केन्द्र मानिन्छ। भौगोलिक विकटता भएपनि मनमोहक र रमणीय स्थलमा रहेको अशिग्राम मन्दिर उत्कृष्ट सम्भाव्य पर्यटकीय स्थल हो।




## घण्टेश्वर महादेव मन्दीर

आलिताल गाँउपालीका वडा नं १ स्थित भिमदत्त पन्त राजमार्गमा अवस्थित घण्टेश्वर महादेव मन्दीरको बेग्लै धार्मिक महत्व रहेको छ। सडक भएर यात्रा गरेर जाने जोसुकैले पनि एक पटक यो मन्दीरमा दर्शन गरेर जाने गर्दछन। भगवान शिवको अवतार मानीने घण्टेश्वर बाबाले निसन्तानलाई सन्तान दिने तथा चोखो मनले मागेको मनोकामना पुरा हुने धार्मिक विश्वास रहेको छ। हरेक बर्ष भदौ शुक्ल पक्ष अष्टमीको दिन यहाँ भब्य मेला लाग्ने गर्दछ। प्राकृतिक सौन्दर्यले भरिपुर्ण निकै रमणीय स्थलमा रहेको घण्टेश्वर महादेव मन्दिरमा ग्रीष्मियामका बेला तराईका जिल्लाबाट दर्शनार्थीहरु पुग्ने गर्दछन।



## मनोरम जैसीना झरना

आलिताल गाँउपालिकाको वडा नं २ स्थित मनमोहक जैसीना झरना प्रचुर पर्यटकीय सम्भावना बोकेको रमणीयस्थल हो। डोटीको गोगनपानीबाट १.५ घण्टा पैदल हिडेर पुगिने जैसीनामा २ वटा मनमोहक झरना रहेका छन करिब २०० सय मिटर लामो झरनाले पर्यटलाई मोहित बनाउन सक्छ। हरियाली जंगलको बिचमा रहेका झरनाहरुसँगै रतुवा, चितुवा, घोरल, बदेल जस्ता जंगली जनावर र कालिज, लुईचे, तित्रा जस्ता पन्छीहरुको दृष्यावलोकन गर्न सकिने हुँदा जैसिना झरना पर्यटकी दृष्टीकोणले महत्वपुर्ण रहेको छ।



आलिताल गाँउपालिकामा उल्लेखित स्थानबाहेक पनि थुप्रै मनमोहक र रमणीय पर्यटकीय स्थलहरु रहेका छन। स्थानीय सरकारले पर्यटनका विविध आयाम र पक्षलाई वर्गीकरण गरेर गुरुयोजना निर्माणागरि प्रभावकारी रुपमा कार्यान्वयन नगर्दसम्म पर्यटनबाट मुलुक समृद्ध तुल्याउने सपना सपनामै सीमित हुनेछ। मुलुकको कुल ग्राहस्थ्य उत्पादनमध्ये कृषि र रेमिटान्सपछिको सबैभन्दा ठुलो हिस्सा ओगटेको आर्थिक क्षेत्र हो पर्यटन। प्राकृतिक विविधताले भरिपूर्ण मानिएको नेपालमा पर्यटनका हिसाबले प्रशस्त सम्भावना छन। ग्रामीण भेगमा उपलब्ध स्रोत–साधन, कृषि उपज, मौलिक सीप प्रयोग गरेर उत्पादन भएका सामग्रीको बजारीकरणका साथै आफ्नो मौलिक संस्कृति, परम्परा र भेशभुषाको प्रचार गर्ने माध्यम पनि पर्यटन हो। नेपालका ग्रामीण इलाका पर्यटकको बसाइ अवधि लम्ब्याउने उपयुक्त माध्यम हुन। ग्रामीण जनजीवन, रहनसहन, संस्कृतिमा रमाउन थालेपछि आलिताल गाउँपालिकाले सबै प्रकारका पर्यटकलाई आकर्षित गर्न सक्छ।


**परामर्शदाता:**

**आवाज मिडिया कन्सलटेन्सी**

अमरगढी नगरपालिका-५ डडेल्धुरा

फोन नं. ०९६-४२०३९९

प्रकाशन मिति : २०७५ असार
प्रकाशित संख्या : ५००० प्रति

मुद्रक : कैलपाल अफसेट प्रेस डडेल्धुरा फोन ०९६४१०११६, ले-आउट: धिरेन्द्र महरा


# आलिताल गाउँपालिकामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको चिनारी २०७५






**प्रकाशक**

आलिताल गाँउपालिका
गाउँकार्यपालिकाको कार्यालय
आलिताल, डडेल्धुरा
प्रदेश नं. ७, नेपाल

फोन नं. ०९१-६९३९६२

E-mail: ito.aalital@gmail.com, website:www.aalitalmun.gov.np